# प्रदेश विकास समस्या समाधान समिति

## जलस्रोत तथा उर्जा विकास मन्त्रालय

### कर्णाली प्रदेश

### विरेन्द्रनगर सुर्खेत

# मन्त्रालयको संक्षिप्त परिचय

✓ वर्तमान संविधान तथा प्रदेश सरकार कार्यविभाजन नियमावलि २०७४ बमोजिम मन्त्रालयको स्थापना भएको हो ।

✓संघिय स्तरमा सिंचाइ, ऊर्जा, जल तथा मौसम विज्ञान विभाग र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुने कार्यक्रमहरू यस मन्त्रालयको कार्यक्षेत्र भित्र रहेको छ ।

✓कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेखित कार्यहरु यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ ।

# मन्त्रालय अन्तरगत सम्पादन हुने कार्यहरु

- प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाइ, खानेपानी, जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धि अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना निर्माण, आयोजना निर्माण, मर्मत संभार, कार्यन्वयन नियमन र समन्वय
- उल्लेखित सेवाको गुणस्तर र सेवाको शुल्कको आधार निर्धारण र नियमन
- निजि क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्वन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन
- प्रदेश सिमा नदीका जलउपयोग सम्वन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन
- नदी संरक्षण सम्वन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन
- मौसम र जलमापन सचांर संजाल व्यवस्थापन
- जलगुण तथा वायुगुण सम्वन्धी प्रयोगशाला व्यवस्थापन
- जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन
- प्रविधि विकास र व्यवस्थापन

# वित्तीय प्रगति (बजेट खर्च) (रु. हजारमा)

| क्र.सं. | बजेट शिर्षक | कुल बजेट | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | बजेट खर्च | प्रगति प्रतिशत | |
| १. | प्रशासनिक | १४१२५६ | १०७३६८ | १०७३६८ | ७६।०० | |
| २. | कार्यक्रमगत (समानिकरण) | ३२९३१०० | २३७६१६७ | २३७६१६७ | ७२।१५ | |
| ३. | सशर्त (संघ) | १६४७८५४ | १०५७१२८ | १०५७१२८ | ६४।१५ | |
| **कुल जम्मा** | | **५०८२२१०** | **३५४०६६३** | **३५४०६६३** | **६९।६७** | |

वित्तीय प्रगति : ६९।६७ प्रतिशत

भौतिक प्रगति : ७६।३३ प्रतिशत

# यस आवमा संचालित विकास आयोजना र कार्यक्रमहरुको अर्धवार्षिक प्रगति(वितीय र भौतिक)

वित्तीय प्रगति : ५।४४ प्रतिशत

भौतिक प्रगति : १८ प्रतिशत

# आयोजना कार्यक्रम संचालनमा देखिएका समस्याहरु

- मन्त्रालय स्थापना भएपनि हालसम्म O&M अनुसारका दरबन्दी पदपुर्ति हुन सकेको छैन ।
- संघ, प्रदेश र स्थानीय तहको कार्य संचालनमा दोहोरोपना सिर्जना भएको ।
- मन्त्रालयले आफ्नो कार्य संचालनको गति पक्रदैं गर्दा विश्वव्यापी महामारीको रुपमा COVID-19 (कोरोना) को प्रभाव र आर्थिक वर्षको शुरुवात देखि नै संगठन संरचना सम्वन्धी विषय अदालतमा गएकोले कार्य संचालनमा समस्या भएको।
- भौगोलिक विकटताको कारण अनुगमन संयन्त्र प्रभावकारी हुन नसकेको ।
- प्रदेशबाट विभिन्न नीति नियम तथा निर्माण कार्यको नर्म्स स्वीकृति नभएको हुँदा विविधतापूर्ण केन्द्रको नर्म्स प्रयोगमा समस्या ।
- Construction Material Testing Lab को अभाव ।
- जिल्ला स्थित कार्यालयहरुको आफ्नै कार्यालय भवनको अभाव ।

# आयोजना कार्यक्रम संचालनमा देखिएका समस्याहरु

- निर्माण सम्पन्न भएका योजनाहरुलाई मर्मत संभारमा आवश्यक वजेट ब्यवस्था नहुँदा समय समयमा योजना संचालन गर्न समस्या आइ पर्ने ।
- निर्माणाधिन योजनाहरुमा पर्याप्त वजेटको बिनियोजन नहुदा योजना सम्पन्न गर्न धेरै बर्ष लाग्ने गरेको ।
- विभिन्न निकायबाट निर्माण भएको सडक संरचनाहरुले गर्दा खानेपानी तथा सिंचाई योजनाहरुको संरचनाहरुमा ठुलो क्षती भएको र ति योजनाहरुलाई पुन संचालन गर्न मर्मत संभारको आवश्यकता रहेको देखिन्छ ।
- राजनीतिक प्रभावको आधारमा  हुने वितरणमुखी र टुक्रे योजनाहरुको छनोट, पहिचानमा कठिनाई र कार्यान्वयनमा विवाद ।
- सशर्त कार्यक्रममा दायित्व भन्दा ज्यादै न्यून वजेट विनियोजन हुनु ।
- निर्माण व्यवसायीहरुमा जिम्मेवारी बोध नभई रुग्न उन्मुख  ठेक्का पट्टाहरु रहेको ।

# प्रदेशस्तरीय समस्या समाधान समितिमा पेश गरिएका समस्याहरु

- अनुगमन र मूल्याङ्कन परिपाटी वैज्ञानिक गराइ निर्माणाधिन आयोजनाहरुको गुणस्तर कायम गर्न प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्नुपर्ने ।
- आयोजनाको गुणस्तर कायम गर्न सबै सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा सहभागितामूलक बजेट निर्माण हुँदा कार्यान्वयनमा सहज हुने ।
- पूर्व संभाव्यता अध्ययन भएका आयोजनाहरुमा आयोजना सम्पन्न हुन आवश्यक बजेट विनियोजन हुँदा आयोजनामा प्रभावकारी हुने ।
- काम गर्ने कर्मचारीहरुको मनोवल उच्च बनाउनको लागि Reward तथा Punishment साथै प्रयाप्त Logistic Support उपलब्ध हुनुपर्ने ।
- बजेट निर्माण अगाडी कार्यक्रमको दोहोरोपना हुन नदिन सबै तहबीच पर्याप्त छलफल गर्ने ।
- निर्माण व्यवसायीहरुमा जिम्मेवारी बोध नभई रुग्न उन्मुख ठेक्का पट्टाहरु रहेकोमा त्यस्ता ठेक्का ब्यवस्थापनको लागि नीतिगत निर्णय हुनु पर्ने ।
- प्रदेश सरकारबाट संचालन गर्रिने आयोजनाको लागि बजेटको सिमा (जस्तै १ करोड माथिका मात्र) तोकिनु पर्ने ।
- योजना छनौट प्रक्रियालाइ ब्यवस्थित गर्न "योजना छनौट मापदण्ड" तयार गरिनु पर्ने ।

# प्रदेशस्तरीय समस्या समाधान समितिमा पेश गरिएका समस्याहरु

- विभिन्न निकायबाट निर्माण भएको सडक संरचनाहरुले गर्दा खानेपानी तथा सिंचाई योजनाहरुको संरचनाहरुमा ठुलो क्षती भएकोमा ति योजनाहरुलाई पुन संचालन गर्न मर्मत संभारको आवश्यकता ।

# राष्ट्रिय योजना आयोगमा सहजिकरणको लागि सिफारिस गर्नुपर्ने विषयहरु

- संघीय शसर्त अनुदान तर्फका सिंचाइ खानेपानी उर्जा लगायतका योजनाहरुमा बजेट विनियोजन गर्दा आवश्यकता र मागका आधारमा गरिनु पर्ने ।
- गत विगतमा सशर्त अनुदान तर्फ नदी नियन्त्रण पहिरो ब्यवस्थापन(जल उत्पन्न प्रकोप ब्यवस्थापन) जस्ता कार्यक्रमहरु हाल स्थगित भएकोले कार्यक्रम निरन्तरता हुनु पर्ने ।
- बैदेशिक लगानीमा संचालित भइरहेका विभिन्न क्षेत्रका आयोजनाको कार्यक्षेत्र कर्णाली प्रदेशमा पनि विस्तार गर्नु पर्ने।
- संघीय सरकारका कार्यालयहरुले पनि साना साना योजना कार्यान्वयन गर्नु भन्दा प्रदेश सरकारका कार्यालय वा स्थानीय तह मार्फत संचालन गर्दा सहज हुने ।
- जनताको जलविद्युत कार्यक्रम (संचालन तथा ब्यवस्थापन) कार्यविधिमा प्रदेश सरकारको हिस्सा न्यून (बढीमा ५ प्रतिशत) रहेकोमा सो हिस्सा बढाउनु पर्ने ।
- हाल कर्णाली प्रदेशमा विद्युतको पहुँच जम्मा ३४ प्रतिशतमा मात्र रहेको सन्दर्भमा साथै विद्युत प्राधिकरणको सुर्खेत कार्यालयबाट प्राप्त जानकारी अनुसार हुम्ला डोल्पा लगायतका दुर्गम बस्तीमा केन्द्रिय लाइन पुग्न ५ बर्ष लाग्न सक्ने हुदा सो वस्तीहरुमा लक्षित उज्यालो कार्यक्रम संघीय सरकारले संचालन गर्नु पर्ने ।
- प्रदेशमा रहेका साना तथा लघु जल विद्युत अन्तरगतका आयोजनाहरुको हालको अवस्था र मर्मत संभारको लागि वैकल्पिक उर्जा प्रवदन केन्द्रले पहलकदमी लिनुपर्ने ।

# धन्यवाद